'थाहा नगर विकासको आधार, कृषि, पर्यटन र पूर्वाधार'
थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इन्द्रायणी चौर, मकवानपुर
बागमती प्रदेश, नेपाल
☎ ०५७-४०००५६
०५७-४०००६६
०५७-४०००८६

पत्र संख्या:
चलानी नम्बर:

## वैदेशिक रोजगारबाट फर्केकाहरुलाई रिटर्निज प्रवर्द्धन कार्यक्रम सञ्चालन साझेदारीको लागि प्रस्ताव आह्वान गरिएको सूचना

(प्रथमपटक सूचना प्रकाशित मिति : २०८१।०८।२०)

थाहा नगरपालिकाको आ. व. २०८१।८२ को लागि स्वीकृत वार्षिक कार्यक्रमअन्तर्गत् **वैदेशिक रोजगारबाट फर्केकाहरुलाई रिटर्निज प्रवर्द्धन कार्यक्रम** साझेदारीमा सञ्चालन गर्न इच्छुक योग्यता पुगका थाहा नगरपालिकाको स्थायी बासिन्दा भई वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरुबाट मात्र सञ्चालित फर्म, कम्पनी, सहकारी र सामुदायिक/गैरसरकारी संस्थाहरुलाई देहायबमोजिमका शर्तहरुको अधीनमा रही ३० दिन (मिति २०८१ पौष १९ गते)भित्र आवश्यक कागजात संलग्न गरी प्रस्ताव पेश गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ।

**शर्तहरु**

१. व्यवसायिक रुपमा उद्यम गर्न सकिने क्षेत्रहरु (क) कृषि, पशुपंक्षी पालन तथा उत्पादनमा आधारित उद्यम व्यवसाय (ख) वन(जडिबुटी, वन पैदावर) मा आधारित उद्यम व्यवसाय (ग) विज्ञान तथा सूचना प्रविधि र सञ्चारमा आधारित उद्यम व्यवसाय (घ) पर्यटन प्रवर्द्धन(होटल, होम स्टे) मा आधारित उद्यम व्यवसाय (ङ) सीपमा आधारित उद्यम व्यवसाय आदि मध्ये कुनै एक क्षेत्रमा प्रस्ताव पेश गर्न सकिनेछ।

२. प्रस्तावमा उल्लेखित खर्च रकममध्ये थाहा नगरपालिकाको आर्थिक विकास समितिबाट स्वीकृत भई प्रदान गरिने रकमको कम्तिमा चालीस प्रतिशत रकम प्रस्तावक फर्म, कम्पनी, सहकारी र सामुदायिक/गैरसरकारी संस्थाले व्यहोर्नुपर्नेछ।

३. उद्यम-व्यवसायको लागि आवश्यक पर्ने मेशिनरी औजार, प्रविधि जस्ता भौतिक प्रकृतिका प्रस्तावलाई मात्र स्वीकार गरिनेछ।

४. उद्यम व्यवसाय सञ्चालनका लागि नगरपालिकासमक्ष पेश गरिने प्रस्तावमा प्रस्तावित कार्यक्रमको परिचय, उद्देश्य, उद्यम सञ्चालन गरिने स्थान, कार्यक्रम सञ्चालनका क्रममा गरिने क्रियाकलापहरु, लाग्ने खर्च र उक्त खर्च बहन गर्ने श्रोतहरु, नगरपालिकाबाट अपेक्षा गरिएको रकम, संस्थाबाट थप गरिने रकम, बजारको अवस्था, बजारीकरणको प्रक्रिया, जनशक्ति व्यवस्थापन, जोखिमका क्षेत्र तथा समाधानका उपायहरु, अपेक्षित उपलब्धी, व्यवसायिक योजना लगायतका विषयहरुलाई स्पष्टसँग उल्लेख गरिएको हुनुपर्नेछ।

५. नगरपालिकासँग सम्झौता भएपछि सोको सम्बन्धित निकायमा दर्ता गरी तुरुन्त सञ्चालन गर्नुपर्नेछ। यसरी थाहा नगरपालिकाको ६० प्रतिशत(बढीमा) अनुदानबाट स्थापित उद्यम व्यवसाय दर्ता तथा सञ्चालन भएपछि मात्र अनुदान रकम भुक्तानी प्रक्रिया अघि बढाइनेछ। अनुगमन समितिको अनुगमन प्रतिवेदन, वडा कार्यालयको भुक्तानी सिफारिस, कार्यसम्पन्न प्रतिवेदन, खर्चको बिल तथा अन्य आवश्यक कागजातहरुको आधारमा अनुदान रकम बैंकमार्फत् भुक्तानी दिइनेछ।

६. प्रस्ताव मूल्याङ्कनका आधारहरु : (१) प्रस्तावित उद्यमको व्यवसायिक कार्ययोजना-३० अङ्क (२) स्थानीय श्रोतमा आधारित-१५ अङ्क (३) समावेशी सहभागिता-१५ अङ्क (४) थप रोजगारी सिर्जना गर्ने -१५ अङ्क (५) तालिम/सीपयुक्त

कृष्ण गिरी
प्रमुख प्रशासकीय अधिकृत

'थाहा नगर विकासको आधार, कृषि, पर्यटन र पूर्वधार'

# थाहा नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

इन्द्रायणी चौर, मकवानपुर
बागमती प्रदेश, नेपाल

☎ ०५७-४०००५६
०५७-४०००६६
०५७-४०००८६

पत्र संख्याः
चलानी नम्बरः

जनशक्ति-१५ अङ्क र (६) बजारको सुनिश्चितता गरी कुल १०० अङ्कमा मूल्याङ्कन गरिनेछ। कम्तिमा ६० अङ्क प्राप्त नगर्ने प्रस्ताव स्वतः अयोग्य भएको मानिनेछ।

७. योग्यता पुगेका प्रस्तावहरुमध्ये थाहा नगरपालिकाको कुल रु. १५ लाख(६०%) हुनेगरी प्रस्ताव(हरु) स्वीकृत गरिनेछ।

८. प्रस्ताव साथ देहायबमोजिमका कागजातहरु अनिवार्यरुपमा पेश गर्नुपर्नेछ :

क) प्रस्ताव पेश गर्ने फर्म, कम्पनी, सहकारी र सामुदायिक/गैरसरकारी संस्थाको दर्ता तथा नवीकरणको प्रमाणित प्रतिलिपि ।

ख) स्थायी लेखा नं. (PAN)मा दर्ता भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।

ग) गत आ. व. सम्मको करचुक्ता भएका वा कर छुटको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।

घ) गत आ. व. को लेखा परीक्षण प्रतिवेदनको प्रमाणित प्रतिलिपि ।

ङ) थाहा नगरपालिकाको कार्यालयमा सूचीकृत भएको पत्रको प्रमाणित प्रतिलिपि ।

च) सञ्चालकहरु सबैको वैदेशिक रोजगारीमा गएको प्रमाणको प्रमाणित प्रतिलिपि ।

छ) प्रस्ताव पेश गर्ने सम्बन्धमा गरेको निर्णयको प्रमाणित प्रतिलिपि ।

ज) प्रस्ताव पेश गरेको सम्बन्धमा लेटरप्याडमा लेखिएको पत्र।

झ) प्रस्ताव पेश गर्ने फर्म, कम्पनी, सहकारी र सामुदायिक/गैरसरकारी संस्थाको बैंक खाता विवरण र चेकको प्रतिलिपि।

ञ) सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र।

ट) उद्यम सञ्चालन गर्ने जग्गाको जग्गा धनी प्रमाणपूर्जाको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि।

ठ) भौतिक संरचनासम्बन्धी प्रस्ताव भएमा इन्जिनियरिङ ड्रइङ र डिजाइन ।

ड) प्रतिवद्धता पत्र।

ढ) प्रस्तावित उद्यमसँग सम्बन्धित तालिम तथा अनुभवको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि।

९. एउटा प्रस्तावदाताले एक भन्दा बढी प्रस्तावहरु पेश गर्न सक्ने छैन।

**थप जानकारीको लागि : ९८५५०७८९१०**

**बोधार्थ :**
श्री सूचना शाखा, वेबसाइटमा राखिदिनुहुन तथा स्थानीय सञ्चार माध्यमहरुमा प्रकाशनार्थ।

कृष्ण गिरी
प्रमुख प्रशासकीय अधिकृत